# भक्तपुर नगरपालिकाको पन्ध्रौं नगरसभा

## २०८० पुष २५ गते, बुधबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको ऐतिहासिक पन्ध्रौं नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव ंएवम् प्रतिनिधिसभा सांसदश्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा ख्वप ईन्जिनियरिङ्ग कलेजको प्राङ्गणमा पानसमा दिप प्रज्ज्वलन गरीसम्पन्न भयो ।
उद्घाटन समारोहमा प्रमुख अतिथि माननीय प्रेम सुवालज्यूले जनभावना बमोजिम कार्य गर्न जनप्रतिनिधिहरुलाई निर्देशन दिनुभयो ।

२. पन्ध्रौं नगर सभाको उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगर सभाको बैठक बस्यो । बैठकमा उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने प्रमुख अतिथि, अतिथि गणलगायत उपस्थित सम्पूर्णलाई देहाय बमोजिमको धन्यवाद ज्ञापन प्रस्ताव सभामा निर्णयार्थ पेश गर्नु भयो । उक्त धन्यवाद प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो :

**१५ औं नगरसभामा प्रस्तुत धन्यवाद प्रस्ताव**

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल **प्रजापति**ज्यूको सभापतित्वमा सम्पन्न उक्त समारोहमा नगरपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी मार्गनिर्देशन दिनु हुने प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिवश्री प्रेम सुवालज्यू,बागमति प्रदेश सभा सांसदद्वय माननीय सुरेन्द्रराज गोसाई, माननीय सृजना सैंजु तथा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रोशनी कुमारी श्रेष्ठज्यूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

साथै नगर सभाको उद्घाटन समारोहमा उपस्थित हुने भक्तपुर नगरपालिकाका पूर्व जनप्रतिनिधिहरु, राजनैतिक तथा सामाजिक अगुवाहरु, बुद्धिजीवीहरु, संचारकर्मीहरु एवम् नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

३. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक २०८०पुष२६ गते विहीबार दिनको १:०० बजे बस्ने गरी स्थगित भएको घोषणा गर्नुभयो ।

## भक्तपुर नगरपालिकाको पन्ध्रौं नगर सभा (दोश्रो दिन)
## २०८० पुष २६ गते, विहीबार

सभा अध्यक्ष एवम्ंनगर प्रमुख श्री सुनिल प्रजापतिबाटपन्ध्रौं नगर सभाको दोश्रो दिनको बैठक शुरु गर्नु हुँदै नगर सभासद्हरुले पालना गर्नुपर्ने आचारसंहिताबारे जानकारी गराउनु भयो । तत्पश्चात आजको कार्यसूचिमा विशेष समयको व्यवस्था गरेको र विशेष समयमा बोल्न चाहनु हुने सभासद्हरुले कर्मचारीहरुमार्फत नाम टिप्न निर्देशन दिनु भयो ।

विशेष समयमा बोल्नु हुँदै **सभासद्श्री मञ्जु मैया लाखा, सभासद् श्री सुमित्रा बोहजु, सभासद्श्री इन्द्र बहादुर प्याथ र सभासद्श्री गोविन्द दुवालले**प्यालेष्टाइनी जनतालाई इजराइली सरकारले गरेको अमानवीय र क्रुर आक्रमण र नरसंहारको घोर भत्सर्ना गर्दै सो सम्बन्धी मन्तव्य सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**सभासद्श्री जितेन्द्र मुनंकर्मी**ले छलफल भाग लिनु हुंदै भ.न.पा.१० नं वडा क्षेत्रमा ढल, खानेपानी र सडकको उचित व्यवस्था हुनुपर्ने, विस्तारित क्षेत्रमा विभिन्न जिल्लाका मानिसहरु बसोबास भइरहेको र निजहरुको प्रयासबाट विभिन्न स्रोतबाट बजेट ल्याई कार्यान्वयन गर्न खोजिएको विषयमानगरपालिकाबाट उचित निर्देशन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

विशेष समयमा बोल्नु हुँदै **सभासद्श्री पुरुषोत्तम तमखु**ले भक्तपुर नगरपालिकाले गर्दै आएको मौलिक अभ्यासका सम्बन्धमा प्रकाश पार्दै यसको जर्गेनाको लागि मठ, मन्दिर, लोपोन्मुख संस्कृति नाचगान र बाजा गाजाहरुको संरक्षण गर्नु पर्नेमा जोड दिनु भयो ।

विशेष समयमा बोल्नु हुँदै **सभासद्श्री श्याम सुन्दर माता**ंले अमेरिकी सहयोगमा इजराइलले प्यालेष्टाइनमाथि गरेको अमानवीय नरसंहार विरुद्ध खेद प्रस्ताव पारितगर्नुपर्ने, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको लागि पर्याप्त बजेट व्यवस्था गर्नुपर्ने, गुठी जग्गाको योगदान आयोजनाको

नीति अनुरुप लागू गराउन पहल गराउनु पर्ने, भ.न.पा. २, खौमा स्थित इन्द्रायणी द्योछें पुनः निर्माणको लागि बजेट व्यवस्था गर्न रकमान्तरण गर्नुपर्ने, भक्तपुर क्यान्सर अस्पतालदेखि हाकुफो हिटीसम्मको ढल निकास व्यवस्थापन गर्नुपर्ने, भक्तपुर क्यान्सर अस्पतालको सिटी स्क्यान मेशिन उचित ढंगले सदुपयोग गर्न पहल गर्नुपर्ने विचार राख्नु भयो ।

**सभासद्श्री सूर्य प्रसाद श्रेष्ठ**ले छलफलमा भाग लिनु हुंदै भक्तपुर नगर क्षेत्रको दक्षिणी भेगमा प्रयोगविहीन अवस्थामा रहेको ढलको पाइप हटाई स्थानीयवासीको माग सम्बोधन गर्नुपर्ने, भ.न.पा. १ स्थित भाज्या पुखुको दक्षिणमा रहेको भक्तपुर क्याम्पस परिसरको डिल व्यवस्था मिलाउनु पर्ने र देशघाती एमसीसी सम्झौताको विरोध गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

**सभासद्श्री कृष्ण नारायण दुमरु**ले छलफलमा भाग लिनु हुंदै फोहर मैला संकलनमा भइरहेका भक्तपुर नगरपालिकाका ट्राइसाइकलहरुको मर्मत संभार गर्नुपर्ने, लामो समयदेखि निर्माणाधीन कमलविनायक नगरकोट सडकको पेटी निर्माण शीघ्र सम्पन्न गर्न पहल गर्नुपर्ने, सल्लाघारीदेखि देकोचासम्मको खासाङ्ग खुसुङ्ग खोला ट्रयाक शीघ्र खोल्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

सभाअध्यक्ष प्रजापतिको अनुमतिमा विधायन समितिका संयोजक श्री हरिराम सुवालले ख्वप कलेज अफ ल को विनियम संशोधनको प्रस्ताव र ख्वप कलेज अफ इन्जिनियरिङ्गको विनियम संशोधनको प्रस्ताव सभामा पेश गर्नुभयो ।

सभा अध्यक्ष प्रजापतिले उक्त संशोधन प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउंदै छलफलमा भाग लिन चाहने सभासद्हरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

**छलफलका लागि कुनै नाम प्राप्त नभएपछि सभा अध्यक्ष प्रजापतिले ख्वप कलेज अफ लको विनियम संशोधनको प्रस्ताव पारित गर्न सभा समक्ष पेश गर्नुभयो र उक्त संशोधन प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको जानकारी गराउनु भयो :**

| ख्वप कलेज अफ ल को विनियम २०७८ मा संशोधन प्रस्ताव | | |
|---|---|---|
| निर्णय मिति | साबिकको निर्णय | संशोधन भएको निर्णय |
| २०७९ पुस ११ गते | **परिच्छेद ५**<br>**विद्यार्थी भर्ना**<br>**१५. कोटा, भर्ना समिति र झुकाव परीक्षा**<br>१५(१) यो कलेज भक्तपुर नगरपालिकाबाट सञ्चालित भएको हुँदा देहायबमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क. भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत<br>ख. भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत<br>ग. भक्तपुर जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत<br>घ. दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत | **परिच्छेद ५**<br>**विद्यार्थी भर्ना**<br>**१५. कोटा, भर्ना समिति र झुकाव परीक्षा**<br>१५(१) यो कलेज भक्तपुर नगरपालिकाबाट सञ्चालित भएको हुँदा देहायबमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क. भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी चालीस प्रतिशत,<br>ख. भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत,<br>ग. भक्तपुर जिल्ला बाहिरका विद्यार्थी चालीस प्रतिशत,<br>घ. दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत । |
| स्पष्टता को लागि | साबिकको निर्णय | संशोधन भएको निर्णय |
| २०७९ भदौ ९ गते भक्तपुर नगरपालिकाको | सर्वसाधारण जनताका छोराछोरीहरुलाई कम शुल्कमा कानुन विषयमा उच्च शिक्षा प्रदान गर्न, समाजलाई बुद्धिजीवीकरण गर्ने काममा सहयोग गर्न, नयाँ पुस्तालाई एक्काईसौं शताब्दीका चुनौतीहरु सामना गर्न सक्ने देश र समाजप्रति उत्तरदायी कानुनका विद्यार्थी बनाउन, शिक्षालाई उत्पादन श्रमसँग | सर्वसाधारण जनताका छोराछोरीहरुलाई कम शुल्कमा कानुन विषयमा उच्च शिक्षा प्रदान गर्न, समाजलाई बुद्धिजीवीकरण गर्ने काममा सहयोग गर्न, नयाँ पुस्तालाई एक्काईसौं शताब्दीका चुनौतीहरु सामना गर्न सक्ने देश र समाजप्रति उत्तरदायी कानुनका विद्यार्थी बनाउन, शिक्षालाई उत्पादन |

| | | |
|---|---|---|
| च.नं. ३५२, पत्र संख्या २४९ अनुसार प्रस्तावनामा संशोधन गर्नुपर्ने | मिलाउन र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा भक्तपुर नगरपालिकाबाट ***गैरनाफामुखी सामुदायिक क्याम्पसको रुपमा*** स्थापना र सञ्चालन भएको ख्वप कलेज अफ लको शैक्षिक, आर्थिक र प्रशासनिक बन्दोबस्त अझ व्यवस्थित गर्न वान्छनीय भएकोले भक्तपुर नगरपालिकाले यो ख्वप कलेज अफ लको विनियम, २०७८ बनाई लागू गरिएको हो । | श्रमसक्ष मिलाउन र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा भक्तपुर नगरपालिकाबाट ***गैरनाफामुखी सामुदायिक क्याम्पसको रुपमा*** स्थापना र सञ्चालन भएको ख्वप कलेज अफ लको शैक्षिक, आर्थिक र प्रशासनिक बन्दोबस्त अझ व्यवस्थित गर्न वान्छनीय भएकोले भक्तपुर नगरपालिकाले ***भक्तपुर नगरपालिका शिक्षा ऐन २०७४ को दफा ३(९) बमोजिम ख्वप कलेज अफ ल को कार्यविधि सहितको*** यो ख्वप कलेज अफ लको विनियम, २०७८ बनाई लागू गरिएको हो । |

**सभा अध्यक्ष प्रजापतिले ख्वप कलेज अफ इन्जिनियरिङ्गको विनियम संशोधनको प्रस्ताव गर्न सभा समक्ष पेश गर्नुभयो र उक्त संशोधन प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको जानकारी गराउनु भयो :**

### <u>ख्वप कलेज अफ इन्जिनियरिङ्गको विनियम २०६५ मा संशोधन प्रस्ताव</u>

| क्र.सं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नेपर्ने कारण |
|---|---|---|---|
| १ | प्रस्तावनामा साविकको व्यवस्थामा थप गर्नुपर्ने | भक्तपुर नगरपालिकाबाट<br>....'गैर नाफामुखी सामुदायिक कलेजको रुपमा<br>' थप गर्ने | भक्तपुर नगरपालिकाले संचालन गरेको कलेज सामुदायिक कलेज भएको व्यहोरा विनियममा उल्लेख हुनु पर्ने भएको । |
| २ | परिच्छेद– १ नाम र प्रारम्भमा साविकको व्यवस्थामा परिच्छेद १, नियम ३(२०) र (२१) थप गर्ने | परिच्छेद १, नियम ३(२०) : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न संचालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ । कलेज साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछ ।<br>परिच्छेद १, दफा ३(२१) : ख्वप कलेज अफ इन्जिनियरिङ्ग भक्तपुर नगरपालिकाको पूर्ण स्वामित्वमा संचालित छ । | कलेजको साधारण सभा र कलेज भक्तपुर नगरपालिको पूर्ण स्वामित्वमा संचालित भएको व्यहोरा विनियम उल्लेख हुनुपर्ने भएको । |
| ३ | परिच्छेद–२ संचालक समितिमा साविकको व्यवस्थामा ६ ख, थप | विनियम ६(ख) कलेज संचालक समितिको गठन भक्तपुर नगरपालिकाले गरे अनुसार हुनेछ । संचालक समितिको पदावधि पांच वर्षको हुनेछ । | कलेजका विनियममा संचालन समितिको पदावधि उल्लेख हुनुपर्ने भएको । |

| | | | |
|---|---|---|---|
| | गर्ने | भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा वहालवाला संचालक समिति नै पदाधिकारी हुनेछ । | |
| ४ | परिच्छेद–११ विविधमा साविकको व्यवस्थामा नियम ६६ थप गर्ने | नियम, ६६, कुनै पनि कारणले कलेज संचालन हुन नसक्ने अवस्थामाव, कलेजको सम्पूर्ण चल अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । | विनियममा कलेजको सम्पत्ति भक्तपुर नगरपालिकाको स्वामित्व हुने उल्लेख हुनुपर्ने भएको । |

**सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८०।०९।२९ गते दिनको १:०० बजे बस्ने जानकारी गराउनु हुँदै बैठक स्थगित गर्नुभयो ।**

## भक्तपुर नगरपालिकाको पन्ध्रौ नगर सभा (तेश्रो दिन)
## २०७९ माघ २९ गते, आइतबार

(१) सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट पन्ध्रौं नगर सभाको तेश्रो दिनको बैठक शुरु गर्नु हुँदै "**ख्वप इन्जिनियरिङ्ग कलेजको विनियम २०६५**"माथिको संशोधन प्रस्ताव सभामा प्रस्तुत गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नु भयो र संयोजक सुवालले उक्त संशोधन प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

सभा अध्यक्ष प्रजापतिले उक्त संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

उक्त संशोधन प्रस्तावमाथिको छलफलमा कुनै सभासद्ले भाग नलिएपछि ''**ख्वप इन्जिनियरिङ्ग कलेजको विनियम २०६५**" माथिको संशोधन प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त संशोधन प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :

**ख्वप इन्जिनियरिङ्ग कलेजको विनियम २०६५ मा संशोधन प्रस्ताव**

| क्र.सं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नेपर्ने कारण |
|---|---|---|---|
| १ | प्रस्तावनामा साविकको व्यवस्थामा थप गर्नुपर्ने | भक्तपुर नगरपालिकाबाट<br>....'गैर नाफामुखी सामुदायिक कलेजको रुपमा<br>' थप गर्ने | भक्तपुर नगरपालिकाले संचालन गरेको कलेज सामुदायिक कलेज भएको व्यहोरा विनियममा उल्लेख हुनु पर्ने भएको । |
| २ | परिच्छेद- १ नाम र प्रारम्भमा साविकको व्यवस्थामा परिच्छेद १, नियम ३(२०) र (२१) थप गर्ने | परिच्छेद १, नियम ३(२०) : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न संचालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ । कलेज साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछ ।<br>परिच्छेद १, दफा ३(२१) : ख्वप कलेज अफ इन्जिनियरिङ्ग भक्तपुर नगरपालिकाको पूर्ण | कलेजको साधारण सभा र कलेज भक्तपुर नगरपालिको पूर्ण स्वामित्वमा संचालित भएको व्यहोरा विनियम उल्लेख हुनुपर्ने भएको । |

| | | | |
|---|---|---|---|
| | | स्वामित्वमा संचालित छ । | |
| ३ | परिच्छेद-२ संचालक समितिमा साविकको व्यवस्थामा ६ ख, थप गर्ने | विनियम ६(ख) कलेज संचालक समितिको गठन भक्तपुर नगरपालिकाले गरे अनुसार हुनेछ । संचालक समितिको पदावधि पांच वर्षको हुनेछ । भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा वहालवाला संचालक समिति नै पदाधिकारी हुनेछ । | कलेजका विनियममा संचालन समितिको पदावधि उल्लेख हुनुपर्ने भएको । |
| ४ | परिच्छेद-११ विविधमा साविकको व्यवस्थामा नियम ६६ थप गर्ने | नियम, ६६, कुनै पनि कारणले कलेज संचालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । | विनियममा कलेजको सम्पत्ति भक्तपुर नगरपालिकाको स्वामित्व हुने उल्लेख हुनुपर्ने भएको । |

(२) **सभा अध्यक्ष प्रजापतिले विधायन समितिका संयोजकश्री हरिराम सुवाललाई<u>“ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७”</u> माथिकोसंशोधन प्रस्ताव सभामा प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त संशोधन प्रस्ताव सभामा पेश गर्नुभयो ।**

**अध्यक्ष प्रजापतिले उक्त नियमावली, २०७७ संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।**

**उक्त संशोधन प्रस्तावमाथिको छलफलमा कुनै सभासदले भाग नलिएपछि <u>“ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७”</u>माथिको संशोधन प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त सशोधन प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :**

अनुसूची ३
(नियम १० संग सम्बन्धित )
भक्तपुर नगरपालिका
ख्वप अस्पताल
सेवा रहने पदहरु

| क्र.स | सेवा | समुह | पदको नाम |
|---|---|---|---|
| २३ | प्रशासन | जिन्सी | अधिकृत तह<br>१. सिनियर (वरिष्ठ) जिन्सी अधिकृत<br>२ जिन्सी अधिकृत<br>सहायक तह<br>१. जिन्सी सहायक |

अनुसूची ५
(नियम २५ (३) संग सम्बन्धित )
भक्तपुर नगरपालिका
ख्वप अस्पताल
पदपूर्ति तथानियुक्तिकालागिआवश्यकन्युनतम योग्यता

| क्र.सं | सेवा | समुह | उपसमुह | पद /तह | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १८२ | प्रशासन | जिन्सी | जिन्सी | सिनियर (वरिष्ठ) जिन्सी अधिकृत/सातौं तह | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा सो सरहको उपाधीहासिल गरेको, कम्प्यूटर तथाजिन्सी सम्बन्धीजान र सीप भएको र जिन्सीमाअधिकृतको पदमाकम्तीमा ४ बर्ष सेवा गरेको । |
| | | | | जिन्सी अधिकृत /छैठौं तह | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातक वा सो सरहको उपाधीहासिल गरेको र कम्प्यूटर तथाजिन्सी सम्बन्धिजान र सीप भएको । |
| | | | | जिन्सी सहायक /पाचौं तह | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा +2 वा सो सरहको उपाधी हासिल गरेको र कम्प्यूटर तथा जिन्सी सम्बन्धी ज्ञान र सीप भएको र जिन्सी सहायक पदमा कम्तिमा ४ बर्ष सेवा गरेको । |
| | | | | जिन्सी सहायक / चौथो तह | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा +2 वा सो सरहको उपाधी हासिल गरेको र जिन्सी सम्बन्धी ज्ञान र सीप भएको । |

(३) **सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट ''ख्वप कलेज विनियम २०६५"माथिको संशोधन प्रस्ताव सभामा प्रस्तुत गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नु भयो र संयोजक सुवालले उक्त संशोधन प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।**

**सभा अध्यक्ष प्रजापतिले उक्त संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।**

**उक्त संशोधन प्रस्तावमाथिको छलफलमा कुनै सभासद्ले भाग नलिएपछि सभा अध्यक्ष श्री प्रजापतिले ''ख्वप कलेज विनियम २०६५" माथिको संशोधन प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त संशोधन प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :**


**''ख्वप कलेज विनियम २०६५" माथिको संशोधन प्रस्ताव**

| निर्णय मिति | साबिकको निर्णय | संशोधन भएको निर्णय |
|---|---|---|
| २०७७ माघ ३० गते | **परिच्छेद १,**<br>**३ (२०) :**<br>कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था गर्नेछ । | **परिच्छेद १,**<br>**दफा ३ (२०) :**<br>कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ । कलेज साधारणसभाको सदस्य हुन नेपाली नागरिक हुनुपर्नेछ । |
| २०७७ माघ ३० गते | परिच्छेद ``२<br>सञ्चालक समिति<br>६ : देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ ``<br>१. अध्यक्ष: सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष:रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य | परिच्छेद ``२<br>सञ्चालक समिति<br>६ : १ . देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ ``<br>१. अध्यक्ष: सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष:रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य |

| | | |
|---|---|---|
| | | ६ २. कलेज सञ्चालक समितिको गठन भक्तपुर नगरपालिकाले गरेअनुसार हुनेछ ।सञ्चालक समितिको पदावधि पाँच वर्षको हुनेछ ।भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा बहालवाला सञ्चालक समिति नै पदाधिकारी हुनेछ । |
| २०७७ माघ ३० गते | ➢ दफा ६६ थप्नुपर्ने (हाल दफा ६५ सम्म रहेको) | • दफा ६६ : कुनै पनि कारणले कलेज सञ्चालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । |
| २०८० जेठ १९ | परिच्छेद १<br>नाम र प्रारम्भ<br>३: परिभाषा :<br>२० : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ ।कलेज साधारणसभाको सदस्य हुन नेपाली नागरिक हुनुपर्नेछ । | परिच्छेद १<br>नाम र प्रारम्भ<br>३: परिभाषा :<br>२० : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेजसभाको व्यवस्था ।गर्नेछ ।कलेज सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछ । |


## अनुसूची : २

# साविक साक्षठनिक संरचना



अनुसूची : २

## संशोधित साक्षठनिक संरचना



(४) सभा अध्यक्ष प्रजापतिले**"शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०"** सभामा पेश गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त कार्यविधि सभा समक्ष पेश गर्नुभयो ।

सभा अध्यक्ष प्रजापतिले उक्त कार्यविधिमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउंदै छलफलमा भाग लिन चाहने सभासद्हरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

कार्यविधिमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद्श्री नारायण प्रसाद त्वानाबासुले** शिक्षक स्थानान्तरण गर्दा शिक्षक जुन विद्यालयमा खटाइएको हो सोही विद्यालयबाट नै तलव खुवाउनु पर्ने प्रावधान राख्नु पर्ने, विद्यार्थीको अनुपातमा शिक्षक्क दरबन्दी व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सभा अध्यक्ष प्रजापतिले **"शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०"**छलफलका क्रममा प्राप्त विचार/सुझावलाई विधायन समितिमा आवश्यक छलफल गर्ने गरी उक्त कार्यविधि पारित गर्न प्रस्ताव सभामा पेश गर्नुभयो र उक्त कार्यविधि सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८०।१०।३ गते दिनको १:०० बजे बस्ने जानकारी गराउनु हुंदै बैठक स्थगित गर्नुभयो ।

**भक्तपुर नगरपालिकाको पन्ध्रौं नगर सभा (चौंथो दिन)**

**२०८० माघ ३ गते,बुधबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट पन्ध्रौं नगर सभाको चौथो दिनको बैठक शुरु गर्नु हुंदै विशेष समयमा बोल्न चाहने सभासदहरुलाई समय प्रदान गर्नुभयो र बोल्ने चाहनु हुने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

२ विशेष समयमा बोल्नु हुंदै**सभासद श्री मन्जु मैया लाखा**ले बाल उद्यानको लागि सहयोगी कर्मचारीको व्यवस्था गर्नुपर्ने, सिद्धपोखरीदेखि खौमा ध्वाकासम्मको ट्राफिक व्यवस्थापनको लागि इन्द्रायणी मन्दिर वरपरको पार्किङ्ग निषेध व्यवस्था गर्नुपर्ने, अनियमित निर्माण, बजार व्यवस्थापन र शान्ति सुरक्षाको लागि नगर प्रहरी शीघ्र व्यवस्था गर्नुपर्ने, घर दैलो नर्सिङ्ग कार्यक्रमलाई अझ व्यवस्थित गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाका थप जग्गा पाउने उपभोक्ताहरुका लागि किस्ताबन्दी रकम भुक्तानीको व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

३. **सभासद श्री रिता फसिकवा**ले उपभोक्ता समितिका पदाधिकारीहरुलाई आर्थिक नियम सम्बन्धी अभिमुखीकरण गर्नुपर्ने, नक्सा पास नियममा एकरुपता हुनुपर्ने, ख्वप अस्पतालका कर्मचारीहरुलाई शिष्टाचार सिकाउनु पर्ने, ट्राइसइकल परिचालन व्यवस्थित गर्नुपर्ने, जनस्वास्थ्य केन्द्र, भगवति स्थानमा बीमाको औषधी वितरण व्यवस्था मिलाउनु पर्ने धारणा राख्नु भयो ।

४. **सभासद श्री कल्पना सिल्पकार**ले अन्तर्राष्ट्रिय राजनीतिको चर्चा गर्नु हुंदै अमेरिकी साम्राज्यवादले संसारका विभिन्न मुलुकहरुमा गरेका ज्यादतिका बारेमा आफ्नो विचार व्यक्त गर्नुभयो ।

५. **सभासद श्री हेरा ख्याजु**लेसभाको बैठकको कार्यसूचि उपलब्ध गराउनु पर्ने, माहेश्वरी खेल मैदान शीघ्र निर्माण गर्नुपर्ने, उपचार पोखरी पुनः निर्माण शीघ्र सम्पन्न गरी प्रयोगमा ल्याउन पहल गर्नुपर्ने, हनुमानघाटस्थित पाचाख्यो कानूनी विवाद समाधान गरी यसको सदुपयोग गर्नुपर्ने, हनुमन्ते खोला सुधार गर्नुपर्ने लगायतका सुझाव दिनुभयो ।

६. **सभासद्श्री जितेन्द्र मुनंकर्मी**लेपर्ति जग्गा संरक्षण गर्नुपर्ने, १० नं. वडा कार्यालयसंगैको दुगु द्यो क्षेत्रको सडक फराकिलो बनाउनु पर्ने, अनलाइन नक्सा पास व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

७. **सभासद्श्री नारायण प्रसाद त्वानाबासु**लेनेपाल मजदुर किसान पार्टीको ३५ औं परिषद्ले दिएको राष्ट्रिय र अन्तर्राष्ट्रिय समसामयिक विषयमा सभामा जानकारी दिनु भयो ।

८. **सभासद्श्री पुरुषोत्तम तमखु**लेभ.न.पा. ५ क्वाछेंको ढुंगा छपाई योजना सम्बन्धी पेश्की फछ्र्यौट फाइल हराएको र सो पेश्की फछ्र्यौट गर्न सम्बन्धित उपभोक्ता समितिका अध्यक्षले पटक पटक प्रयास गर्दा पनि हालसम्म पेश्की फछ्र्यौट गर्न नसकेको बारे सभाको ध्यानाकर्षण गर्नुभयो ।

९. **सभासद्श्री हरिरत्न गोर्खाली**लेइजरायलले प्लालिष्टाइनमाथि गरेको बर्बरतापूर्ण दमनको विरोध, नागरिक विधेयकको विरोध, हालै नेपाल सरकारले भारतीय दूतावासबाट रु. बीस करोडसम्म खर्च गर्न सकिने सम्झौताको सभाले विरोध गर्नुपर्ने बताउदै सहकारी संघ संस्थाहरुमा भइरहेको आर्थिक अनियमितता नियन्त्रणको लागि पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१०. **सभासद् श्री श्याम सुन्दर मातां**लेविगतमा जस्तै नगरपालिकाबाट अन्तर्राष्ट्रिय क्रान्तिकारी नेताहरुको जीवनी प्रकाशित गर्नुपर्ने, आर्थिक हिनामिना गर्ने सहकारी संस्थाका संचालकहरुलाई कानूनी कार्वाही गर्नुपर्ने, शहीद स्मृति खेल मैदान शीघ्र निर्माण गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाका उपभोक्ताहरुलाई मूल्यांकनको आधारमा किस्ताबन्दीमा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने, इन्द्रायणी द्योछें र शारदा मा.वि. पुनः निर्माणको लागि बजेट थप गर्नुपर्ने, ब्यासीको सडक जाम खुलाउन पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

११. **सभासद्  श्री इन्द्रबहादुर प्याथ**ले उपचार पोखरी संचालन गरेर हनुमन्ते खोला सुधार गर्नुपर्ने, मेलम्चीको पानी नगरका सबै क्षेत्रमा समानुपातिक रुपले वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने, बजार व्यवस्थापन, अनियमित निर्माण रोकथाम र शान्ति सुरुक्षाको लागि नगर प्रहरी शीघ्र परिचालन गर्नुपर्ने, सहकारी संघ संस्थाहरुलाई कृषिसंग सम्बन्धित उत्पादनमूलक कार्यमा लगानी गर्न निर्देशन दिनुपर्ने, ख्वप अस्पतालको फार्मेसी व्यवस्थित गर्नुपर्ने, घरपालुवा कुकुर दर्ता प्रक्रिया लागू गर्नुपर्ने र सडक बत्ती व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१२. **सभासद्  श्री सूर्य प्रसाद श्रेष्ठ**ले हनुमन्ते खोला किनारमा विर्सजन गरिएको फोहरबाट उत्पादित प्रदुषण नियन्त्रण गर्नुपर्ने, नगरका सबै क्षेत्रमा समानुपातिक खानेपानी वितरण व्यवस्था मिलाउनु पर्ने, हनुमन्ते र खासाङ्खुसुङ्ग खोला सुधार गर्नुपर्ने, सडक बत्ती व्यवस्थित गर्नुपर्ने, नगर क्षेत्रको पार्किङ्ग व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१३. **सभासद्  श्री राजकुमार सिल्पकार**ले सहकारी संघ संस्थाहरुमा भएको आर्थिक अनियमितता नियन्त्तणको लागि नगरपालिकाले पहल गर्नुपर्ने, समानुपातिक खानेपानी वितरणको व्यवस्था मिलाउनु पर्ने, पर्यटक शौचालय व्यवस्थित संचालन गर्नुपर्ने, भक्तपुर दरवार क्षेत्रको पहिलेको नक्सा शाखा रहेको भवन पुनः निर्माण कार्य शीघ्र शुरु गर्नुपर्ने, अध्ययन अनुसन्धानको लागि छुट्याइएको बजेट सदुपयोग गर्नुपर्ने, न.पा.द्वारा उत्पादित प्रांगारिक मल सहुलियत दरमा कृषकहरुलाई वितरण गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

१४. **सभासद्  श्री कृष्ण सुन्दर प्रजापति**ले सूर्यविनायकदेखि धुलिखेलसम्मको सडक फराकिलो गर्ने योजनाबाट भ.न.पा. क्षेत्रका नगरवासीलाई अप्ठ्यारो पर्न सक्ने प्रति सचेत पार्नुपर्ने, मंगलतिर्थ घाट व्यवस्थित गर्नुपर्ने, हनुमन्ते खोला छेउमा रहेको ढल व्यवस्थित गर्नुपर्ने, तालाको क्षेत्र व्यवस्थित गर्नुपर्ने र इखालाछी मठमा जन्मदेखि मृत्युसम्मका लागि चाहिने माटोको भाडाहरुको संग्रहालय व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१५. **सभासद्  श्री सिद्धि राम अवाल**ले नगरका सबै क्षेत्रमा समानुपातिक खानेपानीको वितरण व्यवस्था मिलाउनु पर्ने, सडक मर्मत संभार नियमित गर्नुपर्ने, ख्वप अस्पतालमा सफ्टवेरको कारणले सेवाग्राहीलाई परेको मर्का सम्बोधन गर्नुपर्ने र वडागत बजेट बढाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

१६. **सभासद्  श्री कृष्णलाल किसी**ले निःशुल्क वितरण गरिएको प्रांगारिक मल पर्याप्त मात्रामा वडा वडामा पुऱ्याउनु पर्ने, कृषि बजारका विचौलियाहरुलाई निरुत्साहित गर्नुपर्ने, सहुलियत दरमा कृषि ऋण प्रदान गर्नुपर्ने, पुरानो जगातिको बाटो पिच गर्नुपर्ने, नियमानुसार कर्मचारीहरुको वृत्ति विकास गर्नुपर्ने, चलचल्तीको बाटोको सडक मापदण्ड निर्धारण गर्नुपर्ने, हनुमन्ते र खासाङ्ग खुसुङ्ग खोला सुधार गर्नुपर्ने, थुसाचादेखि पुरानो जगातिसम्मको खोलाको डिलमा ग्याभेलिङ्ग वाल निर्माण गर्नुपर्ने, पुरानो जगाति क्षेत्रको ऐतिहासिक ढुंगेधारा र सत्तल पुनः निर्माण गर्नुपर्ने विचार गर्नुभयो ।

१७. **सभासद्  श्री गोविन्द दुवाल**ले अमेरिकी साम्राज्यवादको विरोध गर्नुपर्ने, देशभक्तिपूर्ण भावनाको विकास गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१८. सभा अध्यक्ष प्रजापतिलेबैठक आधा घण्टाको लागि स्थगित गर्नुभयो ।

१९.सभा अध्यक्ष प्रजापतिले सभामा बैठक पुनः संचालन गर्नु हुंदै सभासदहरुले उठाउनु भएका सहकारी र आर्थिक सम्बन्धी जिज्ञासाहरु प्रष्ट पार्न सहकारी अनुगमन समिति र आर्थिक तथा लेखा समितिका संयोजक **श्री हरि प्रसाद बासुकला**, खेलकुद सम्बन्धी जिज्ञासाहरुलाई प्रष्ट पार्न युवा तथा खेलकुद समितिका संयोजक **श्री श्यामकृष्ण खत्री**, कृषि र बजार अनुगमन सम्बन्धी जिज्ञासा प्रष्ट पार्न कृषि समिति र बजार अनुगमन समितिका संयोजक **श्री राजकृष्ण गोरा**, विकास निर्माण सम्बन्धी जिज्ञासा प्रष्ट पार्न निर्माण समितिका संयोजक **श्री उकेश कवां** र शिक्षा, स्वास्थ्य, संस्कृति, वातावरण, सरसफाई, पर्यटन लगायतका विषयमा प्रष्ट पार्न वातावरण तथा पर्यटन समितिका संयोजक एवम् शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य **श्री रविन्द्र ज्याख्व**लाई समय प्रदान गर्नुभयो र वहाँहरुले आ–आफ्नो विषयमा उठेका सभासद्हरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

**२०. सभा अध्यक्ष प्रजापतिले आ.व.ः २०८०/०८१ को बजेटको रकमान्तर प्रस्ताव पेश गर्न बजेट तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई समय प्रदान गर्नुभयो र उपप्रमुख जोशीले रकमान्तर प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।**

**२१. सभाअध्यक्ष प्रजापतिले रकमान्तर प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनु हुने सभासद्हरुको नाम टिप्न कर्मचारीलाई निर्देशन दिनु भयो ।**

**२२. उक्त प्रस्तावमाथिको छलफलमा कुनै सभासदले भाग नलिएपछि सभा अध्यक्ष प्रजापतिले रकमान्तर प्रस्ताव पारित गर्न निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :**

आ. व. २०८० । ८१ को पूंजीगत बजेट रकमान्तर प्रस्ताव

| क्र.सं. | विनियोजित बजेट शीर्षकको नाम | साविक बजेट | बाँकी बजेट | क्र.सं. | योजनाको नाम | वडा नं. | बजेट थप | साविक विनियोजित बजेट | संशोधित बजेट (बजेट थप साविक विनियोजित बजेट) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सांस्कृतिक संग्रहालय निर्माण कार्य | ५,०००,००० ।०० | ५००,०००। ०० | १ | सिचु फल्चाको पुनःनिर्माण कार्य | ५ | २,५००,००० ।०० | २,०००,००० ।०० | ४,५००,०००।०० |
| | | | | २ | इन्दायणी द्योःछे पुनःनिर्माण कार्य ( तेस्रो चरण) | २ | २,०००,००० ।०० | २,०००,००० ।०० | ५,०००,०००।०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ख्वप टेलिभिजन स्टुडियो निर्माण तथा सञ्चालन | ७,०००,०००।०० | २,०००,०००।०० | | | | १,०००,०००।०० | | |
| | | | | १ | अरनिको सभा गृह भवन निर्माण कार्य | ६ | ४,०००,०००।०० | बागमती प्रदेश सशर्त अनुदान रू. ८०,००,०००।०० र नपाको आन्तरिक स्रोतबाट रू. ३,२०,००,०००।०० गरी जम्मा रू.४,००,००,०००।०० | ८०,०००,०००।०० |
| २ | ख्वप एफ.एम. सञ्चालन | ३,०००,०००।०० | २,०००,०००।०० | | | | १,०००,०००।०० | | |
| ३ | कोशेली घर निर्माण कार्य | ५,०००,०००।०० | १,०००,०००।०० | | | | ४,०००,०००।०० | | |
| ४ | कृषि अनुसन्धान केन्द्र | २,०००,०००।०० | १,०००,०००।०० | | | | १,०००,०००।०० | | |
| ५ | कमलविनायक बहुउद्देशीय भवन निर्माण कार्य | ४०,०००,०००।०० | ४,०००,०००।०० | | | | ३०,०००,०००।०० | | |
| | | | | २ | इखालाछी मठ पुन:निर्माण कार्य ( चौथो चरण) | ४ | १,०००,०००।०० | ५,०००,०००।०० | ६,०००,०००।०० |
| | | | | ३ | मर्मत कार्य | १ँ१० | ४,०००,०००।०० | ७,५००,०००।०० | ११,५००,०००।०० |
| | | | | ४ | इशानेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | १,०००,०००।०० | | १,०००,०००।०० |
| ६ | सकुलानस्थित पालिफ फल्चा पुन:निर्माण कार्य | १,८००,०००।०० | १,२५०,०००।०० | ५ | वानेलायकु चोक पुन:इँटा छपाई तथा तलेजु आगमछेँको छाना मर्मत कार्य | ९ | ५५०,०००।०० | २००,०००।०० | ७५०,०००।०० |
| | कुल जम्मा | ६३,८००,०००।०० | ११,७५०,०००।०० | | जम्मा | | ५२,०५०,०००।०० | | |

| आ.व. २०८०।८१ को वजेटमा चालु तर्फको रकमान्तर प्रस्ताव | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | शिर्षक | साविक विनियोजन | बाकी | सि. नं. | शिर्षक | थप बजेट | साविक बजेट | जम्मा बजेट | कैफियत |
| १ | भैपरि आउने चालु | ४०००००० | ३०००००० | १ | सफाइ सामान | १०००००० | ४०००००० | ५०००००० | |
| २ | भैपरि आउने चालु | ४०००००० | १०००००० | २ | पर्यटन कर्मचारी महगी भत्ता | २०००००० | ४०००००० | ६०००००० | |
| ३ | सवारी इन्धन | ३०००००० | २०००००० | ३ | कृषि समिति | १०००००० | ५००००० | १५००००० | आलु र धान खरिद गर्न |

२३. सभा अध्यक्ष श्री प्रजापतिले **नगर प्रहरी ऐन, २०७५ माथिको संशोधन प्रस्ताव** पेश गर्न विधायन समितिका संयोजक **श्री हरिराम सुवाल**लाई समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

**२४. सभा अध्यक्ष श्री प्रजापतिले नगर प्रहरी ऐन, २०७५ माथिको संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिन चाहने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।**

२५. उक्त संशोधन प्रस्तावमाथिको छलफलमा कुनै सभासदले भाग नलिएपछि सभा अध्यक्ष प्रजापतिले नगर प्रहरी ऐन, २०७५ माथिको संशोधन प्रस्ताव निर्णयार्थ सभामा पेश गर्नुभयो र उक्त संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो :

५. **'भक्तपुर नगरपालिकाको नगर प्रहरी ऐन,, २०७५ माथिको संशोधन विधेयक, २०८०'**

संशोधनको तिन महले विवरण

| क्र.सं. | सम्वन्धित बुँदा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ३ | ३. नगर प्रहरीको सञ्चालन एवं परिचालनः (१) कार्यालयले नगर प्रहरीको नेतृत्व एवम् परिचालन गर्न कम्तीमा प्रहरी सहायक निरीक्षक बराबरको पारिश्रमिक सुविधा पाउने गरी एक जना नगर प्रहरी प्रमुख तोक्नेछ । | ३. नगर प्रहरीको सञ्चालन एवं परिचालनः (१) नगर प्रमुखले नगर प्रहरीको नेतृत्व एवम् परिचालन गर्न एक प्रहरी निरीक्षक नियुक्त गर्न सक्ने छ । | सहायक भन्ने शब्द झिकिएको<br><br>नगर प्रहरीको नेतृत्व प्रहरी निरीक्षकको पदबाट गर्न वाञ्छित भएकोले |

२६. सभा अध्यक्ष प्रजापतिले शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ माथिको संशोधन प्रस्ताव पेश गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो र उक्त प्रस्ताव संयोजक सुवालले सभा समक्ष पेश गर्नुभयो ।

२७. सभा अध्यक्ष प्रजापतिले शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ माथिको संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२८. उक्त संशोधन प्रस्तावमाथिको छलफलमा कुनै सभासदले भाग नलिएपछि सभा अध्यक्ष प्रजापतिले शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ माथिको संशोधन प्रस्ताव निर्णयार्थ सभामा पेश गर्नुभयो र उक्त संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो :

‘भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५’मा पहिलो संशोधन विधेयक,२०८०

संशोधनको तिन महले विवरण

| क्र.सं. | सम्बन्धित बुँदा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ४ | ४.५. शैक्षिक ऋण प्रत्येक वडाबाट दश जना विद्यार्थीलाई मात्र दिन सकिनेछ । | ४.५. खारेज गर्ने | शैक्षिक ऋण प्रदान गरिने संख्यामा तोक्न आवश्यक नभएकोले । |

२९.सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ मथिको संशोधन प्रस्ताव सभा समक्ष पेश गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त प्रस्तावमा सभा समक्ष पेश गर्नुभयो ।

३०.सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ माथिको संशोधन प्रस्तावमाथिको छलफलमा भाग लिन चाहने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

३१. छलफलमा भाग लिनु हुंदै **सभासद्श्री पुरुषोत्तम तमखु**ले केही व्यक्तिहरुलाई स्कूल, सहकारीमा लेखा परिक्षण गर्नबाट बञ्चित गरिएको बारे विधेयकमा संशोधन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

३२.उक्त संशोधन प्रस्तावमाथिको छलफलमा कुनै सभासदले भाग नलिएपछि सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ माथिको संशोधन प्रस्ताव पारित गर्न निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र उक्त संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो :

भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४ माथिको संशोधन प्रस्ताव

| क्र.सं. | सम्बन्धित बूंदा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुको कारण |
|---|---|---|---|---|
| १ | ९(५)(ढ) | नगरपालिकाबाट तोकिएको लेखा परीक्षकमार्फत लेखा परीक्षण गराउने | विद्यालयको विद्यालय व्यवस्थापन समितिको सिफारिसमा दर्तावाला लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउन नगरपालिकाबाट स्वीकृत गर्ने | लेखा परीक्षणलाई सहज बनाउन |

३३. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको पन्ध्रौ नगर सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने उद्घाटन समारोहका प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिहरु, सम्पूर्ण सभासदहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरु तथा संचारकर्मीहरुलाई धन्यवाद ज्ञापन गर्दै पन्ध्रौं नगरसभा सम्पन्न भएको जानकारी गराउनु भयो ।